# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७७/७८)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
अनुसन्धान इकाई

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्क संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गर्नुका साथै आर्थिक गतिविधि अध्ययनका लागि सबै जिल्लाहरुलाई समेटी सकिएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार गण्डकी प्रदेशका ११ वटै जिल्लाहरु (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी पूर्व, मनाङ र मुस्ताङ) को समग्र आर्थिक तथा वित्तीय अवस्थालाई समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

गण्डकी प्रदेशका ११ वटा जिल्ला मध्ये बाढी पहिरोको कारण स्थलमार्ग अवरुद्ध भएकोले मनाङ बाहेक अन्य १० वटा जिल्लाहरुको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्क जिल्लागत रुपमा संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनालाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आर्थिक वर्ष २०७८/७९ को परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ कार्यान्वयनमा आएपश्चात् गण्डकी प्रदेशका ११ वटै जिल्लाहरुको वार्षिक तथ्याङ्कलाई समेटी तयार पारिएको यो अध्ययन प्रतिवेदन नीति निर्माता एवम् सम्बन्धित सरोकारवालालाई प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी लिन उपयोगी हुने विश्वास गरिएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने उप-निर्देशकद्वय श्री प्रतिभा अधिकारी र श्री ढुण्डीराज मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु । यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने अनुसन्धान इकाईका सहायक निर्देशकद्वय श्री ऋषिराम ढकाल र श्री यसोधा पोखरेल, प्रधान सहायकद्वय श्री जितेन्द्रराज शाक्य र श्री सुनिल भुजेल र सहायक श्री तिलबहादुर थापालाई धन्यवाद दिन चाहन्छु ।

**ईश्वरीप्रसाद भट्टराई**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **भूमिका** | | | (क) |
| **विषय सूची** | | | (ख-ग) |
| **तालिका सूची** | | | (घ) |
| **चार्ट सूची** | | | (घ) |
| **सारांश** | | | (ङ) |
| **परिच्छेद-१** | **कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | | **१-४** |
| | १.१. | गण्डकी प्रदेश परिचय | १ |
| | १.२. | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत स्थिति | १ |
| | १.३. | अन्तरप्रदेश तुलना | १ |
| | १.४. | प्रादेशिक, समस्या, चुनौती तथा सम्भावनाहरु | २ |
| **परिच्छेद-२** | **कृषि क्षेत्र** | | **५-१३** |
| | २.१ | परिचय | ५ |
| | २.२ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ५ |
| | २.३ | कृषि उत्पादन | ६ |
| | २.४ | पशुपंछी, माछा तथा वनजन्य उत्पादन | १० |
| | २.५ | सिँचाई तथा मौसम | ११ |
| | २.६ | कृषि कर्जा | ११ |
| | २.७ | क्षेत्रगत कृषि कर्जा | १२ |
| | २.८ | कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | १२ |
| **परिच्छेद-३** | **उद्योग क्षेत्र** | | **१४-१६** |
| | ३.१ | परिचय | १४ |
| | ३.२ | प्रमुख उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १४ |
| | ३.३ | औद्योगिक कर्जा | १५ |
| | ३.४ | क्षेत्रगत औद्योगिक कर्जा | १५ |
| | ३.५ | औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | १६ |
| **परिच्छेद-४** | **सेवा क्षेत्र** | | **१७-२३** |
| | ४.१ | परिचय | १७ |
| | ४.२ | पर्यटन | १७ |
| | ४.३ | सार्वजनिक निर्माण तथा रियलस्टेट | १७ |
| | ४.४ | वित्तीय सेवा | १८ |
| | ४.५ | यातायात | २० |
| | ४.६ | शिक्षा तथा स्वास्थ्य | २० |
| | ४.७ | सेवा क्षेत्र कर्जा | २० |
| | ४.८ | सहुलियतपूर्ण कर्जा | २१ |
| | ४.९ | सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | २२ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद-५** | **पूर्वाधार क्षेत्र** | | **२४-२६** |
| | ५.१ | परिचय | २४ |
| | ५.२ | पूर्वाधार क्षेत्र | २४ |
| | ५.३ | पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | २५ |
| **परिच्छेद-६** | **आर्थिक परिदृष्य** | | **२७-२८** |
| | ६.१ | परिचय | २७ |
| | ६.२ | कृषि क्षेत्र | २७ |
| | ६.३ | उद्योग क्षेत्र | २८ |
| | ६.४ | सेवा क्षेत्र | २८ |
| | ६.५ | पूर्वाधार क्षेत्र | २९ |

## तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका १.१: प्रादेशिक आर्थिक परिसूचकहरु | २ |
| तालिका २.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ५ |
| तालिका २.२: कृषि वालीको उत्पादन (जिल्लागत) | ७ |
| तालिका २.३: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत) | १० |
| तालिका २.४: जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ३.१: जिल्लागत औद्योगिक कर्जा | १५ |
| तालिका ४.१: सार्वजनिक निर्माण र रियलस्टेट | १८ |
| तालिका ४.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | १८ |
| तालिका ४.३: जिल्लागत सेवा क्षेत्र कर्जा | २१ |
| तालिका ४.४ सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन), २०७६ अनुसार गण्डकी प्रदेशमा प्रवाहित कर्जा | २१ |


## चार्ट सूची


| | |
|---|---|
| चार्ट २.१: प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टरमा) | ६ |
| चार्ट २.२: प्रमुख कृषि बालीहरुको उत्पादन (मे.टनमा) | ७ |
| चार्ट २.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) | ११ |
| चार्ट ३.१: आ.व. २०७७/७८ मा उद्योगहरुको क्षमता उपयोग (प्रतिशतमा) | १४ |
| चार्ट ४.१: कुल निक्षेप र कुल कर्जा (रु.दश लाखमा) | १९ |


## Case Study


| | |
|---|---|
| हरियाली ग्रुप : नमूना कृषि फार्म | ८-९ |
| वाढी पहिरोले मनाङ र पर्वत जिल्लामा पुगेको क्षतिको अनुमानित विवरण | २६ |

## सारांश

### कृषि क्षेत्र

१. आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लाहरु (कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) मा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशतले बढेको छ। धान, मकै, गहुँ, जौ, फापर र उखु खेती गरिएको क्षेत्रफल घटेको छ भने कोदो, आलु, भटमासको बालीले ढाकेको क्षेत्रफलमा क्रमशः १.१ प्रतिशत, ०.६ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ। दलहन र तेलहनले ढाकेको क्षेत्रफल क्रमश : ६.८ प्रतिशत र ४.६ प्रतिशतले वृद्धि भएको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले वृद्धि भएको छ। स्याउ खेती गरिएको क्षेत्रफल १७.२ प्रतिशत, सुन्तला खेती गरिएको क्षेत्रफल ८.३ प्रतिशत तथा आँप खेती गरिएको क्षेत्रफल ७.३ प्रतिशत र केरा खेती गरिएको क्षेत्रफल ०.९ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ०.७ प्रतिशतले बढेको छ। खाद्य बालीमा कोदोको उत्पादन १.२ प्रतिशत, आलुको उत्पादन ८.२ प्रतिशत, भटमासको उत्पादन ६.५ प्रतिशतले वृद्धि भएको छ। खाद्य तथा अन्य बाली मध्ये धान २.७ प्रतिशत, गहुँ ४.५ प्रतिशत र फापर ०.२ प्रतिशत घटेको छ। तरकारी तथा बागवानी तर्फको उत्पादन १.३ र फलफूल तथा मसला बालीको उत्पादन १०.३ प्रतिशतले वृद्धि भएको छ।

३. पशुजन्य उत्पादनतर्फ; दूध उत्पादन १४.४ प्रतिशत, मासुको उत्पादन ७.८ प्रतिशत र माछाको उत्पादन ५२.५ प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादनतर्फ काठको उत्पादन  २९.८ प्रतिशतले घटेको छ।

४. २०७८ असार मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.२६ अर्ब ३७ करोड कर्जा लगानी गरेका छन् जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको ८.५ प्रतिशत हो।

### उद्योग क्षेत्र

५. समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ४० प्रतिशत रहेको छ।

६. औद्योगिक उत्पादनतर्फ समीक्षा वर्षमा तोरीको तेल, प्रशोधित दूध, विस्कुट, चकलेट, वियर, चुरोट, औषधि तर्फ ट्याबलेट र क्यापसुल, इटा र सिमेन्टको उत्पादनमा वृद्धि भएको छ भने चाउचाउ, औषधितर्फ ओइन्टमेन्ट र ड्राइ सिरपको उत्पादनमा ह्रास आएको छ।

७. २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको औद्योगिक क्षेत्रमा रु. ६१ अर्ब ६९ करोडको कर्जा लगानी रहेको छ जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको १९.९ प्रतिशत हो।

### सेवा क्षेत्र

८. बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा २२.४ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ६८ अर्ब ३२ करोड पुगेको छ। कुल कर्जा प्रवाह २७.७ प्रतिशतले वृद्धि भइ रु. ३ खर्ब १५ अर्ब ६५ करोड पुगेको छ।

### पूर्वाधार क्षेत्र

९. निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामध्ये पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कार्य प्रगति करिब ८१ प्रतिशत र उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर) को कार्य प्रगति करिव ७२.५ प्रतिशत रहेको छ।

१०. मध्य पहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ कि.मि.मध्ये ५५ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको करिब २४५ कि.मि. मध्ये ८० प्रतिशत कार्य सम्पन्न भएको छ।

# परिच्छेद १

## कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

### १.१ परिचय

गण्डकी प्रदेशमा साविक धवलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाका वर्दघाट सुस्ता पूर्वको भु-भाग समेटी कुल ११ जिल्ला रहेका छन् । नेपालको मध्य भागमा अवस्थित, हिमालदेखि तराइसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भु-भागको १४.७ प्रतिशत क्षेत्रफल अर्थात २१,९७४ वर्ग कि.मि. ओगटेको छ । प्रशासनिक हिसाबले यस प्रदेशलाई ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी ८५ स्थानीय तह र ७५९ वडामा विभाजन गरिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार यस प्रदेशमा कुल परिवार संख्या ५,७७,६८२ र कुल जनसंख्या २४,०३,७५७ रहेको छ । प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या झण्डै ५७ प्रतिशत रहेको छ । तराइको समथर भु-भाग देखि ८,१६७ मिटरको उचाइमा रहेको धवलागिरी हिमालसम्म फैलिएको हुँदा नेपालमा पाइने सबै प्रकारको हावापानी गण्डकी प्रदेशमा पाइन्छ ।

### १.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ३ खर्ब ७२ अर्ब रहेको अनुमान छ, जुन राष्ट्रिय अर्थतन्त्रको ८.७ प्रतिशत हुन आउँछ । समीक्षा वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर ३.६ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ऋणात्मक (-१.६ प्रतिशत) रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहेकामा गण्डकी प्रदेशमा यस्तो अंश क्रमशः २८.२ प्रतिशत, १७.५ प्रतिशत र ५४.४ प्रतिशत रहेको अनुमान छ । प्रदेशको क्षेत्रगत संरचना हेर्दा, कृषि क्षेत्रमा वागमती प्रदेश पछि सबैभन्दा कम योगदान यस प्रदेशको रहेको छ । अन्य प्रदेशको तुलनामा उद्योग क्षेत्रमा यस प्रदेशको योगदान सबैभन्दा बढी (१७.५ प्रतिशत) रहेको छ भने सेवा क्षेत्रको योगदान वाग्मती र कर्णाली प्रदेश पछि तेश्रो स्थानमा रहेको छ ।

### १.३ अन्तरप्रदेश तुलना

नेपालका सातवटै प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७७/७८ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै हिस्सा (३७.७ प्रतिशत) बागमती प्रदेशले ओगटेको छ भने सबैभन्दा कम हिस्सा (४ प्रतिशत) कर्णाली प्रदेशको रहेको छ । राष्ट्रिय अर्थतन्त्रमा धेरै योगदान पुऱ्याउने अन्य प्रदेशहरुमा क्रमशः प्रदेश १ (१५.६ प्रतिशत), लुम्बिनी प्रदेश (१४ प्रतिशत), प्रदेश २ (१३.२ प्रतिशत), गण्डकी प्रदेश ( ८.७ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (६.९ प्रतिशत) रहेका छन् ।

**तालिका १.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

(आर्थिक वर्ष २०७७/७८)

| आर्थिक परिसूचक | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ६६४ | ५६२ | १६०८ | ३७२ | ५९६ | १७२ | २९४ | ४२६६ |
| कुल गार्हस्थ्य उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४.० | ४.० | ६.९ | १००.० |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ३.५ | ३.५ | ४.६ | ३.६ | ३.८ | ३.८ | ३.६ | ४.० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३५.२ | ३८.७ | ११.८ | २८.२ | ३१.९ | ३३.० | ३५.५ | २५.८ |
| उद्योग क्षेत्र | १६.२ | ११.७ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ | १३.१ |
| सेवा क्षेत्र | ४८.६ | ४९.७ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ | ६१.१ |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग ।*

बागमती प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी अर्थात् ४.६ प्रतिशत र प्रदेश १ र प्रदेश २ को सबैभन्दा कम अर्थात् ३.५ प्रतिशत रहने अनुमान छ । आर्थिक वृद्धिका हिसाबले अन्य प्रदेशहरु क्रमशः कर्णाली प्रदेश (३.८ प्रतिशत), लुम्बिनी प्रदेश (३.८ प्रतिशत), गण्डकी प्रदेश (३.६ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (३.६ प्रतिशत) रहेका छन् ।

## १.४ प्रादेशिक समस्या, चुनौती तथा सम्भावनाहरु

### समस्या तथा चुनौतीहरु

गण्डकी प्रदेशमा सडक, जलविद्युत लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरुमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका समस्यालाई समयमै सम्पन्न गर्न नसक्दा निर्धारित समयमा निर्माण कार्य प्रारम्भ गर्न समस्या रहेको छ । उत्पादकत्व अभिवृद्धिका माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता बढाउन कृषि क्षेत्रलाई थप आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण गर्नुपर्ने चुनौती रहेको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माणका लागि थप गृहकार्य गर्नुपर्ने आवश्यकता छ । पछिल्लो समयमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीले अन्यत्र झैं यस प्रदेशको पर्यटन, उद्योग लगायतका क्षेत्रहरुमा पारेको नकारात्मक असरका कारण आय, रोजगारी तथा प्रदेश सरकारको राजस्व प्रभावित हुन गई आगामी दिनमा समग्र आर्थिक गतिविधि विस्तार गरी गरिबी न्यूनीकरण गर्ने कार्य थप चुनौतीपूर्ण बन्ने देखिएको छ ।

### सम्भावनाहरु

आकर्षक पर्यटकीय भू-बनोट भएको गण्डकी प्रदेशमा होटल तथा रेष्टुरेन्ट लगायतका पर्यटनजन्य व्यवसायहरु विस्तार हुने पर्याप्त संभावना रहेको छ । निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कालीगण्डकी कोरिडोर तथा मध्य-पहाडी लोकमार्ग लगायतका परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशको आर्थिक गतिविधि विस्तारले ठूलै फड्को मार्न सक्ने देखिन्छ ।

प्रदेशको हावापानी अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरु कृषि र औद्योगिक कार्यको लागि उपयुक्त हुने देखिन्छ ।

व्यवसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनावट भएकोले यस प्रदेशमा तरकारी तथा फलफूल उत्पादन लगायत माछापालनको उच्च सम्भावना रहेको छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ ।

प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित स-साना कृषि उद्यम, उत्पादनमुलक उद्योग तथा पर्यटन लगायतका सेवामुलक व्यवसाय जोगाई सूचारु गर्न निर्व्याजी, सरल र सुलभ कर्जा उपलब्ध गराउन व्यवसाय जीवन रक्षा कोष कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । २०७८ भदौ सम्ममा यस कार्यक्रम अन्तर्गत उद्यमी व्यवसायीहरुलाई रु. ९३ करोड ४० लाख कर्जा प्रवाह भएको छ ।

**पर्यटन :**

गण्डकी प्रदेशको आर्थिक विकासमा पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान गर्दछ । प्रदेशमा वाह्य ४ लाख र आन्तरिक ६ लाख गरी वार्षिक १० लाख पर्यटकले भ्रमण गर्दछन् । (प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख)

संसारभर प्रसिद्ध र स्थापित भइसकेका अद्वितीय पर्यटकीय क्षेत्रहरु जस्तैः माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा देखिने मनोरम दृश्य, सराङकोटबाट देखिने सूर्योदय र सूर्यास्त, तालै तालको शहर पोखरा, दक्षिण एसियाकै नमूना घलेगाँऊ, नेपालकै पहिलो ग्रामीण होम-स्टे सिरुबारी, धार्मिक पर्यटकीय स्थलहरु (मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, फेवातालको बीचमा रहेको ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका आदि), विभिन्न स्थानमा निर्माणाधीन तथा अध्ययनका क्रममा रहेका केवलकार (कास्कीको सराङकोट, तनहुँको बन्दिपुर, विरेठाटीदेखि मुक्तिनाथ, पञ्चासे, छोरेपाटनदेखि शान्ति स्तुपासम्म) तथा प्रदेश सरकार र स्थानीय सरकारको सहजीकरण तथा समन्वयमा सामुदायिक होम-स्टे सञ्चालनको माहोल सिर्जना हुनु, साहसिक पर्यटन प्याराग्लाइडिङ, संसारकै दोस्रो गहिरो बन्जि जम्पिङ, क्यानोयिङ, जिपलाइन, स्वीङ, अन्नपूर्ण, धौलागिरी र मनास्लु ट्रेक रुट तथा नेपाल-चीन जोड्ने कालीगण्डकी करिडोर हुँदै कोरला सम्मको सडक स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडि बढ्नु, आन्तरिक हवाइ उडानहरु पोखरासँग मुस्ताङको जोमसोम र मनाङको हुम्डे लगायत सिमरा, भैरहवा, नेपालगञ्ज जोडिनु, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य अन्तिम चरणमा रहेको आदि कारणले यस क्षेत्रको विकासको उच्च सम्भावना रहेको छ ।

**उर्जा :**

गण्डकी प्रदेश अन्य प्रदेशको तुलनामा जलस्रोतमा धनी भएकोले विद्युत उत्पादनमा ठूलो सम्भावना रहेको छ । यस प्रदेशको विद्युत उत्पादन गर्ने सम्भावित क्षमता २०,६५० मेगावाट रहेकोमा आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन गर्न सकिने देखिएको छ । यति ठूलो सम्भावना हुँदा हुदै पनि पूँजी तथा प्रविधि अभावका कारण हालसम्म ४४८.५ मेगावाट मात्र जलविद्युत उत्पादन गरिएको छ (प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ वैशाख) । यस प्रदेशको स्याङ्जा जिल्लामा १४४ मेगावाटको कालीगण्डकी 'ए' तथा लमजुङ जिल्लामा अपर मर्स्याङदी ५० मेगावाट र मध्य मर्स्याङ्दी ७० मेगावाटका आयोजना सञ्चालनमा छन् । गोरखा जिल्लाको बुढीगण्डकी १२०० मेगावाट तथा तनहुँ जिल्लाको तनहुँ जलविद्युत १४० मेगावाट जलाशययुक्त आयोजना लगायत अन्य आयोजनाहरु निर्माण शुरु हुने चरणमा छन् । म्याग्दी जिल्लामा केही लघु तथा मझौला आयोजनाहरु सञ्चालनमा रहेका छन् भने केही साना, मझौला तथा ठूला आयोजनाहरु अध्ययनकै क्रममा रहेका छन् । गण्डकी प्रदेशमा जलविद्युतको अतिरिक्त सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना छ । उर्जालाई प्रदेश सम्वृद्धिको सम्बाहक

बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउनुपर्ने आवश्यकता रहेको छ ।

**कृषि :**

कृषिमा आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरु यस प्रदेशमा पनि प्राथमिकताका साथ कार्यान्वयन हुनु, प्रदेशले मासु तथा दुग्ध व्यवसाय, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, सेवा क्षेत्रसँगको आबद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषिजन्य उपज आपूर्ति गर्नसक्ने अवस्था रहनु, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरुको उपयोग, पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु आदिले यस क्षेत्रको विकासको उच्च सम्भावना रहेको छ ।

# परिच्छेद २

# कृषि क्षेत्र

## २.१ परिचय

गण्डकी प्रदेशमा आर्थिक रुपले सकीय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित छन् । कृषिमा आधारित कूल घरपरिवार मध्ये ८६ प्रतिशत घरपरिवारको आम्दानीको मुख्य श्रोत कृषि रहेको छ (प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, बैशाख २०७७) । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २८.२ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतभन्दा केही बढी हो । अन्य प्रदेशसँग तुलना गर्दा कृषि क्षेत्रको योगदान बाग्मती प्रदेश पछि सबैभन्दा कम यसै प्रदेशमा रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र; कृषि, पशुपन्छी, माछा तथा वनजन्य उत्पादन; सिचाई अवस्था; कृषि कर्जा एवम कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरुको चर्चा गरिएको छ ।

## २.२ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल करिव ०.६ प्रतिशतले बढेर ५ लाख १० हजार ७९३ हेक्टर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.८ प्रतिशतले वृद्धि भएको थियो ।

**(क) खाद्य तथा अन्य बाली**

समीक्षा वर्ष प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले घटेर ४ लाख ६९ हजार १६८ हेक्टर पुगेको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफल ०.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्ष कोदो, आलु, भटमास, दलहन र तेलहनको क्षेत्रफलले ढाकेको क्षेत्रफलमा क्रमशः १.१ प्रतिशत, ०.६ प्रतिशत, ०.७ प्रतिशत, ६.८ प्रतिशत र ४.६ प्रतिशतले वृद्धि भएको छ भने धान, मकै, गहुँ, जौ, फापर र उखु खेती गरिएको क्षेत्रफल क्रमशः ०.७ प्रतिशत, ०.२ प्रतिशत, ३.८ प्रतिशत, ५.१ प्रतिशत,१.७ प्रतिशत र १.९ प्रतिशतले घटेको छ ।

**(ख) तरकारी तथा बागवानी**

समीक्षा वर्ष तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल २.४ प्रतिशतले बढेर २१ हजार ०७२ हेक्टर पुगेको छ । अघिल्लो वर्ष यस्तो क्षेत्रफल ०.६ प्रतिशतले घटेको थियो ।

**तालिका : २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**


| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| गोर्खा | ५६,७९३ | १,६९० | २,०८८ | १२.१ | ८.० | १०.२ |
| मनाङ | १,५५१ | १८७ | १४८ | ०.३ | ०.९ | ०.७ |
| मुस्ताङ | ९९७ | १९० | १,४८७ | ०.२ | ०.९ | ७.२ |
| म्याग्दी | २२,१२६ | १,१३१ | १,७९७ | ४.७ | ५.४ | ८.७ |
| कास्की | ७२,०७१ | २,४०७ | ३,११० | १५.४ | ११.४ | १५.१ |
| लमजुङ | ५०,१४५ | ३,४९८ | १,०३५ | १०.७ | १६.६ | ५.० |
| तनहुँ | ४९,५२३ | ४,००५ | ३,२७३ | १०.६ | १९.० | १५.९ |
| नवलपरासी (पूर्व) | ४६,८८१ | १,५२९ | १,९७३ | १०.० | ७.३ | ९.६ |
| स्याङ्जा | ७४,३४१ | २,६६९ | ३,०६१ | १५.८ | १२.७ | १४.९ |
| पर्वत | ३७,०३७ | १,००० | १,३१५ | ७.९ | ४.७ | ६.४ |
| बाग्लुङ | ५७,७०५ | २,७६८ | १,२६४ | १२.३ | १३.१ | ६.२ |
| **जम्मा** | ४,६९,१६९ | २१,०७३ | २०,५५१ | १०० | १०० | १०० |

*स्रोतः कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा वर्ष फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल १४.१ प्रतिशतले वृद्धि भएको छ । फलफूलमध्ये स्याउखेती गरिएको क्षेत्रफल १७.२ प्रतिशत, सुन्तला खेती गरिएको क्षेत्रफल ८.३ प्रतिशत, आँप खेती गरिएको क्षेत्रफल ७.३ प्रतिशत र केरा खेती गरिएको क्षेत्रफल ०.९ प्रतिशतले वृद्धि भएको छ । मसलाजन्य बाली लगाइएको क्षेत्रफल १२.२ प्रतिशतले वृद्धि भएको छ । मनाङ र मुस्ताङ जिल्लामा उत्पादित स्याउको माग बढ्नुका साथै यातायातको सुविधा समेत पुगेको हुनाले स्याउ खेती प्रति कृषकहरु आकर्षित हुँदै गएको पाइएको छ । पर्वत, बाग्लुङ, म्याग्दीका कृषकहरु व्यवसायिक सुन्तला खेतीमा आकर्षित भएका हुँदा उक्त खेतीको क्षेत्रफलमा समेत वृद्धि भएको हो ।

**जिल्लागत स्थिति** : समीक्षा वर्ष प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल गोरखा, मुस्ताङ, कास्की, तनहुँ, नवलपरासी (पूर्व), लम्जुङ, पर्वत र बाग्लुङ जिल्लामा बढेको छ भने बाँकी तीन जिल्लाहरुमा घटेको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल मुस्ताङ र म्याग्दी जिल्लामा घटेको छ भने अन्य सबै जिल्लामा बढेको छ । फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल तनहु जिल्लामा घटेको छ भने बाँकी सबै जिल्लाहरुमा बढेको छ ।




*स्रोतः कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## २.३ कृषि उत्पादन


आर्थिक वर्ष २०७७/७८ मा प्रमुख कृषि बालीहरुको उत्पादन १.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन १.२ प्रतिशतले बढेको थियो ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा वर्ष खाद्य तथा अन्य बालीको उत्पादन ०.७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्ष कोदोको उत्पादन १.२ प्रतिशत, आलुको उत्पादन ८.२ प्रतिशत, भटमासको उत्पादन ६.५ प्रतिशत, दलहनको उत्पादन ७.४ प्रतिशत र तेलहनको उत्पादन ६.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष कोदो, आलु, भटमास र तेलहनको उत्पादन क्रमशः ०.३ प्रतिशत, २.१ प्रतिशत, १.४ प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको थियो भने दलहनको उत्पादनमा १.७ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्ष खाद्य तथा अन्य बालीमध्ये धान, गहुँ, फापर र उखुको उत्पादनमा ह्रास आएको छ । उक्त वालीहरुको उत्पादन क्रमशः २.७ प्रतिशत, ४.५ प्रतिशत, ०.२ प्रतिशत र ३.६ प्रतिशतले

घटेको छ । समीक्षा वर्ष यस प्रदेशमा सवैभन्दा बढी १ लाख ६६ हजार ४०२ हेक्टर क्षेत्रफल अर्थात कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३५.७ प्रतिशत क्षेत्रफलमा मकै खेती भएको छ। मकैको उत्पादन खाद्य तथा अन्य बालीको कुल उत्पादनको ३२.३ प्रतिशत रहेको छ। खाद्य तथा अन्य बालीको कुल उत्पादनमा धान उत्पादनको हिस्सा ३०.८ प्रतिशत र आलु उत्पादनको हिस्सा २१.८ प्रतिशत रहेको छ।

**चार्ट २.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन (लाख मेट्रिक टनमा)**




*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## (ख) तरकारी तथा बागवानी

समीक्षा वर्ष तरकारीको उत्पादन १.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ०.४ प्रतिशतले घटेको थियो । तरकारीको बढ्दो माग धान्न उन्नत जातका बीउ/बिजन प्रयोग हुनुका साथै नयाँ प्रविधिको प्रयोग गरी तरकारी खेती गरिएको र तरकारी खेतीका लागि सहुलियतपूर्ण कर्जा तथा लघुवित्त कर्जा समेत उपलब्ध भई तरकारी लगाइएको क्षेत्रफल समेत बढेको कारण समग्र उत्पादन बढेको हो।

**तालिका : २.२ कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| गोर्खा | १,५१,७०८ | १७,९९५ | २०,२६८ | १०.६ | ७.२ | १३.४ |
| मनाङ | ९,४९० | २,१२१ | १,६९६ | ०.७ | ०.८ | १.१ |
| मुस्ताङ | ५,९८९ | १,४९६ | ७,०९५ | ०.४ | ०.६ | ४.७ |
| म्याग्दी | ८२,२४९ | १३,४३५ | ५,१३३ | ५.८ | ५.३ | ३.४ |
| कास्की | २,११,९५७ | २७,९०० | १६,५७६ | १४.८ | ११.१ | १०.९ |
| लमजुङ | १,२८,५६५ | ३५,०७७ | ६,७७६ | ९.० | १४.० | ४.५ |
| तनहुँ | १,६६,८८९ | ४२,५८६ | २२,५११ | ११.७ | १७.० | १४.९ |
| नवलपरासी (पूर्व) | १,९१,२४७ | २०,८२० | २३,४२० | १३.४ | ८.३ | १५.५ |
| स्याङ्जा | २,०७,०५७ | ३५,१०९ | ३७,२१९ | १४.५ | १४.० | २४.७ |
| पर्वत | १,०१,८९६ | १६,५०० | ५,१९८ | ७.१ | ६.६ | ३.५ |
| बाग्लुङ | १,७१,९४१ | ३८,१२२ | ४,९३० | १२.० | १५.२ | ३.३ |
| **जम्मा** | १४,२८,९८९ | २,५१,१६१ | १,५०,८२२ | १०० | १०० | १०० |

*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा वर्ष फलफूल तथा मसलाजन्य बालीको उत्पादन १०.३ प्रतिशतले बृद्धि भएको छ, जसमध्ये स्याउ, आँप, सुन्तला, र केराको उत्पादन क्रमश: २९.७ प्रतिशत, १५.१ प्रतिशत, १३.३ प्रतिशत र ४.१ प्रतिशतले वृद्धि भएको छ । मनाङ, मुस्ताङ र बाग्लुङ जिल्लामा यातायात सुविधा सहज हुँदै

गएकाले व्यवसायिक स्याउ खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको हुँदा उत्पादनमा वृद्धि भएको हो । पर्वत, बाग्लुङ, म्याग्दी, स्याङ्जा, गोरखा र नवलपरासी (पूर्व) का कृषकहरु व्यवसायिक सुन्तला तथा केरा खेतीतर्फ आकर्षित भएका हुँदा उक्त खेतीको उत्पादनमा वृद्धि भएको हो । व्यवसायिक फलफूल खेतीका लागि कृषि कर्जा, सहुलियतपूर्ण कर्जा लगायत पुनरकर्जा समेत उपलब्ध भएका कारण युवाहरु समेत यसतर्फ आकर्षित हुन थालेका छन् ।

**जिल्लागत स्थिति :**

समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन कास्की र नवलपरासी (पूर्व) जिल्लामा घटेको छ भने बाँकी सबै जिल्लामा बढेको छ । तरकारी तथा बागवानीको उत्पादन मुस्ताङ र म्याग्दी जिल्लामा घटेको छ भने बाँकी सबै जिल्लामा बढेको छ । फलफूल तथा मसला बालीको उत्पादन कास्की, लम्जुङ, र पर्वत जिल्लामा घटेको छ भने अन्य सबै जिल्लामा बढेको छ ।

## हरियाली ग्रुपः नमूना कृषि फार्म

**परिचय :**

कृषि तथा पशुपन्छीपालन क्षेत्रमा नविनतम प्रविधि प्रयोग गरी उत्पादन तथा उत्पादकत्व बढाउँदै मुलुकभित्र रोजगारीको अवसरहरु सिर्जना गर्ने उद्देश्य अनुरुप म्याग्दी जिल्लाको वेनी नगरपालिका-४ सिङ्गामा २०७५ सालमा हरियाली ग्रुपको स्थापना भएको छ । कम्पनी मोडेलमा सञ्चालित उक्त ग्रुपले स्थानीय कृषकहरुको जग्गा एकीकरण र चक्लाबन्दी गरी सहकारी अवधारणामा सामूहिक रुपमा व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्दै आएको छ । उक्त फार्मले दक्षिण अफ्रिकाको टिम्बाली र भारतको अमूल मोडेलको संयोजन गरेको बताइएको छ । उक्त फार्मले मुलुककै नमुना कृषि फार्मका रुपमा देशै भरीका स्थानीय तहमा विस्तार गरी कृषिमा क्रान्ती ल्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । उक्त फार्मले एकातर्फ, टिम्बाली मोडेलमा झैं समूहकृत भई कामगर्न चाहने कृषकहरुलाई जमिन, श्रम, पुंजी र प्रविधिको उचित संयोजन गर्दै आएको छ भने अर्कोतर्फ अमूलले जस्तै आफ्ना सबै कृषि उपज हरियाली ब्राण्डमा ब्राण्डिङ गरी विक्री गर्दै आएको छ ।

**विद्यमान अवस्था :**

प्रारम्भमा ८ जना कृषि प्राविधिक सहित २५ जना कर्मचारी रहेको उक्त फार्ममा सहकारी मोडेल अन्तर्गत उक्त क्षेत्रका ३४ जना कृषकहरुलाई सेयर सदस्य बनाई कुल ६४ जना सेयर सदस्य रहेको छ । करिब रु. १० करोड लगानीमा १९० रोपनी क्षेत्रफल जग्गाबाट शुरु भएको उक्त फार्म हाल २०३ रोपनी क्षेत्रफलमा फैलिएको छ । उक्त फार्मले रु. ५ करोड सहुलियतपूर्ण कर्जा उपयोग गरेको छ भने १५ वर्षसम्मका लागि जग्गा भाडामा लिई जमिनको चक्लाबन्दी गरी कुखुरा, माछा, बाखा र कालिज पालनका साथै तरकारी खेती गरेको पाइएको छ ।

फार्मले आफ्ना कृषि उपज मुख्य गरी बेनी, बागलुङ र मुस्ताङमा विक्री गर्दै आएको जनाएको छ । हरियाली फार्ममा १२ खुला टनेल, २८ ट्रस टनेल, १ हाइटेक टनेल, १ बाखाको खोर तथा १९ माछा पोखरी रहेका छन् । ५० वटा वोयर जातका बाखा ४,००० रिङनेक जातको कालिज, ८,००० लेयर्स कुखुरा पालन गरेको उक्त फार्मले दैनिक ७००० अण्डा उत्पादन गर्ने तथा मासिक करिब रु.२,५०,००० बराबरको माछा र वार्षिक करिब रु. २२,००,००० बराबरको तरकारी बेच्ने गरेको जानकारी गराएको छ । हाल वार्षिक रु. ४.५० करोड चालु खर्च भई ब्रेक इभन पोइन्टमा रहेको छ भने आगामी वर्ष वार्षिक आम्दानी रु. ६.५० करोड पुग्ने लक्ष्य रहेको देखिन्छ ।

**भावी योजना :**

- कृषि तथा पशुपालन सम्वन्धी बिबिध तालिम प्रदान गर्न तथा आफ्नो ज्ञान तथा अनुभव आदान प्रदान गर्न भविष्यमा हरियाली इन्स्टिच्युट स्थापना गर्ने ।
- रेष्टुरेन्ट तथा होमस्टे संचालन गरी कृषि पर्यटनलाई प्रवर्द्धन गर्ने ।
- दाना तथा ह्याचरी उद्योग स्थापना गर्ने ।
- देशका विभिन्न ठाउँमा हालकै अवधारणा अनुरुपको आधुनिक कृषि फार्म संचालन गर्ने ।

**सामाजिक तथा आर्थिक प्रभाव :**

हरियाली ग्रुपले स्थानीय स्तरमा देहाय बमोजिमको आर्थिक तथा सामाजिक प्रभाव पारेको अनुमान छ ।

- खेर गइरहेको जमिनको अधिकतम उपयोग भई जमिनको उत्पादन तथा उत्पादकत्व बढेको ।
- जग्गाधनी किसानहरुले जमिनको भाडा पाउने, कम्पनीका सेयर सदस्य कृषकहरुले कम्पनीको लाभांश पाउने, कम्पनीलाई जमिन दिए पश्चात कृषकहरु अन्य पेशामा लाग्न पाउने आदि कारणले उक्त क्षेत्रका कृषकहरुको आयस्तर बढेको ।
- फार्ममा पूर्णकालीन तथा ज्यालादारीमा काम गर्ने अवसर पाएकाले रोजगारी बढेको ।
- अन्य साना किसानहरुको कृषि उपज, मल, बिउ आदिको ढुवानीमा सहयोग पुगेको ।
- स्थानीय स्तरमा उत्पादन भएका कृषि उपजहरुलाई बजारको सुनिश्चितता भएको ।
- कृषकले पाउने तलब तथा जग्गाको भाडाबाट सरकारलाई नियमानुसारको कर समेत प्राप्त हुन थालेको ।
- फार्म सञ्चालनमा आएपछि यस क्षेत्रमा आर्थिक क्रियाकलाप र आवत-जावत बढेकोले समग्रमा सो क्षेत्रको महत्व बढेको ।
- फार्मको स्थापनासँगै उक्त क्षेत्रको समग्र कृषि क्षेत्रमा योगदान पुगेको ।

**समस्या तथा चुनौतीहरु :**

- औजार तथा उपकरण सञ्चालन गर्ने प्रयोगात्मक शिक्षा हासिल गरेको दक्ष कृषि प्राविधिकहरुको अभाव ।
- उत्पादित कृषि उपज परीक्षणको लागि उपयुक्त प्रयोगशालाको अभाव ।
- फार्ममा काम गर्ने कृषक तथा कर्मचारीहरुलाई उचित तालिमको अभाव ।
- नदीले कटान गरेर फार्ममा क्षती पुर्‍याउन सक्ने जोखिम रहेको ।
- कृषि ज्ञान तथा पशु सेवा  केन्द्रमा प्राविधिकको कमीका कारण कृषि विज्ञता न्युन रहेको ।

**सम्बन्धित निकायहरुबाट फार्मले गरेको अपेक्षा :**

- विद्युत महशुलमा सहुलियत ।
- कृषि फार्मका लागि सवारी साधनको भन्सार महशुलमा सहुलियत ।
- कृषि प्राविधिक तथा कर्मचारीहरुलाई समय समयमा उचित तालिम ।
- गुणस्तरीय परीक्षणको लागि आधुनिक प्रयोगशालाको स्थापना ।
- कृषि तथा पशुसेवा विज्ञ केन्द्रमा पर्याप्त प्राविधिक जनशक्ति कार्यरत हुनु पर्ने ।

हाल कृषि फार्म संचालनमा रहेको क्षेत्र नदी किनारमा रहेको, नदी किनारको छेउ भएका कारण नदीमा आएको/आउने बाढीका कारण माछा पोखरी, तरकारीको टनेलहरुमा क्षति पुग्ने देखिन्छ । यस वर्षको वर्षा याममा भौतिक संरचना तथा उत्पादनमा रु. १० देखि रु. १२ लाखसम्म क्षति पुगेको पाइएको छ । उक्त फार्म रहेको स्थानको भौगोलिक अवस्था र तरकारी खेतीको लागि जमिन उर्वर नभएका कारण माछा बाहेकका अन्य पशुपन्छी जस्तै : कालिज, कुखुरा, बाखा आदि पालनमा जोड दिई बेनी नगरपालिका आसपासका समथर तथा उर्वर क्षेत्रमा तरकारी खेती गर्न उपयुक्त हुने देखिन्छ ।

कृषि फार्मको स्थापना पछि परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा आश्रित कृषकहरुको रोजगारी र आयस्तरमा मात्र हैन सो क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा बृद्धि भई सामाजिक तथा आर्थिक रुपान्तरण गर्न सहयोग पुग्ने देखिन्छ । यस्ता फार्महरु देशव्यापी रुपमा स्थापना हुन सके कृषक तथा कृषि क्षेत्रको उत्थान हुनुका साथै समग्रमा आयस्तर र रोजगारीमा समेत बृद्धि भई कुल गार्हस्थ्य उत्पादनमा समेत सकारात्मक योगदान पुग्ने देखिन्छ ।

*स्रोत : अनुसन्धान इकाइको स्थलगत भ्रमणमा आधारित ।*

## २.४ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### (क) प्रमुख पशुपंक्षी तथा माछा

आर्थिक वर्ष २०७७/७८ मा दूध उत्पादन १४.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन १२.१ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा मासुको उत्पादन ७.८ प्रतिशत र माछाको उत्पादन ५२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन क्रमश: ४४.५ प्रतिशत र १६.५ प्रतिशतले वृद्धि भएको थियो । खासगरी बजारमा माछाको बढ्दो मागका कारण कास्की, स्याङ्जा, तनहुँ र म्याग्दी जिल्लाहरुमा व्यवसायिक माछा पालनतर्फ किसानहरु आकर्षित हुँदै गएकाले माछाको उत्पादनमा वृद्धि भएको हो ।

समीक्षा वर्षमा अण्डाको उत्पादन भने १०६.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ५०.४ प्रतिशतले वृद्धि भएको थियो । बजारमा अण्डाको बढ्दो मागका कारण नयाँ फार्महरुको स्थापना हुनु र उन्नत जातका कुखुरा पालन गर्ने प्रवृत्तिका कारण अण्डाको उत्पादनमा वृ

**तालिका : २.३ प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मेट्रिक टन) | अण्डा (हजार गोटा) | माछापालन (मेट्रिक टन) | दुध | मासु | अण्डा | माछापालन |
| गोर्खा | २१८१५.०३ | ५८९४.५२ | ५७१५५.५० | १२३.८० | ७.७३ | ९.४८ | १६.६३ | ६.४० |
| मनाङ | १८३.०० | ४१.५७ | ७९.५८ | ०.०० | ०.०६ | ०.०७ | ०.०२ | ०.०० |
| मुस्ताङ | ११४१.३७ | २९४.०६ | २५४.९० | ०.०० | ०.४० | ०.४७ | ०.०७ | ०.०० |
| म्याग्दी | ४७३०.०० | १७४०.०० | ४२६१.०० | १७.१० | १.६८ | २.८० | १.२४ | ०.८८ |
| कास्की | ५४१४१.३० | २५९६९.५५ | ६१३४४.५८ | १८०.२४ | १९.१९ | ४१.७८ | १७.८४ | ९.३१ |
| लमजुङ | १५९०३.३० | ३१९७.१९ | १७०२६.१८ | ४७.६० | ५.६४ | ५.१४ | ४.९५ | २.४६ |
| तनहुँ | ३७९२४.४४ | ४४८३.८४ | २५७८७.४४ | ९०.१६ | १३.४४ | ७.२१ | ७.५० | ४.६६ |
| नवलपरासी (पूर्व) | ६०१५०.०० | ८२३३.५७ | १२४३७१.४२ | १३७०.०० | २१.३२ | १३.२५ | ३६.१८ | ७०.७७ |
| स्याङ्जा | ५३३१३.५० | ५१६४.८५ | ३०७२९.७० | ६२.८० | १८.८९ | ८.३१ | ८.९४ | ३.२४ |
| पर्वत | १४६७५.६८ | २१४३.१८ | ९१५८.१३ | २४.०० | ५.२० | ३.४५ | २.६६ | १.२४ |
| बाग्लुङ | १८२०९.०० | ५००१.१४ | १३६०१.०० | २०.१७ | ६.४५ | ८.०५ | ३.९६ | १.०४ |
| जम्मा | २८२१८६.६२ | ६२१६३.४७ | ३४३७६९.४३ | १९३५.८७ | १०० | १०० | १०० | १०० |

*स्रोत : पशुपंक्षी तथा मत्स्य निर्देशनालय, गण्डकी प्रदेश ।*


### (ख) वनजन्य उत्पादन

आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको वनजन्य उत्पादनमा ह्रास आएको छ । समीक्षा वर्ष काठको उत्पादन २९.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ३१.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्ष दाउराको उत्पादन ५ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष पनि यस्तो उत्पादनमा ७८.३ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्ष औषधीजन्य वस्तुको उत्पादन ७.६ प्रतिशतले घटेको छ । कोभिड-१९ र बन्दाबन्दीका कारण वनमा गएर औषधीजन्य वस्तुको संकलन गर्न नसक्नु, जडिबुटीबाट उत्पादित वस्तुहरुको माग न्यून हुनु र चिन र भारत निकासी हुने जडिबुटीहरुको निर्यातमा कमी भएका कारणहरुले गर्दा समीक्षा वर्ष औषधीजन्य वस्तुको उत्पादनमा कमी आएको हो ।

## २.५ सिँचाई तथा मौसम

आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल सिञ्चित क्षेत्रफल ८.७ प्रतिशतले वृद्धि भई १ लाख ६९ हजार ८९१ हेक्टर पुगेको छ । जसमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल ६.६ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल १०.४ प्रतिशत र पोखरीबाट सिञ्चित क्षेत्रफल १४.१ प्रतिशतले वृद्धि भएको छ । उपरोक्त वृद्धिसँगै यस प्रदेशको कुल खेतीयोग्य जमिनको ३७.७ प्रतिशत र कुल खेती गरिएको जमिनको ४६.८ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको छ ।

**चार्ट २.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## २.६ कृषि कर्जा

समीक्षा वर्ष बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २०७७ असार मसान्तको तुलनामा ५७.१ प्रतिशतले वृद्धि भई रु.२६ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २९.७ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशको कुल कृषि कर्जा मध्ये करिब ५६ प्रतिशत कर्जा कास्की (३७ प्रतिशत) र नवलपरासी (पूर्व) (१८.९ प्रतिशत) जिल्लामा मात्रै प्रवाह भएको देखिन्छ । मनाङ र मुस्ताङ जिल्लामा क्रमश: ०.५ र १ प्रतिशत मात्र कर्जा प्रवाह भएकोले उक्त जिल्लाहरु लगायत अन्य जिल्लाहरुमा यस्तो कर्जा वृद्धि गर्नुपर्ने देखिन्छ ।

**तालिका २.४ जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | १,२३७ | ४.६९ |
| मनाङ | १२१ | ०.४६ |
| मुस्ताङ | २७१ | १.०३ |
| म्याग्दी | ७२३ | २.७४ |
| कास्की | ९,७५४ | ३६.९८ |
| लमजुङ | १,४६६ | ५.५६ |
| तनहुँ | ३,४३७ | १३.०३ |
| नवलपरासी (पूर्व) | ४,९९३ | १८.९३ |
| स्याङ्जा | २,३२३ | ८.८१ |
| पर्वत | १,०८२ | ४.१० |
| बाग्लुङ | ९६३ | ३.६५ |
| **जम्मा** | २६,३७४ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## २.७ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्ष बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा कृषि र वन सम्बन्धी शीर्षकमा रु.२६ अर्ब १३ करोड र मत्स्यपालन व्यवसायमा रु.२३ करोड कर्जा लगानी गरेका छन् । उक्त लगानी गत असार मसान्तको तुलनामा क्रमश: करिब ५७.२ प्रतिशत र करिब ४७.६ प्रतिशतले बढी हो । कुल कर्जा लगानीमा कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा ८.५ प्रतिशत पुगेको छ जुन अघिल्लो वर्ष ६.८ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रमा लगानी बढाउन जारी गरेको निर्देशनहरुको सकारात्मक प्रभाव स्वरुप कृषि कर्जामा उल्लेख्य वृद्धि भएको छ । यद्यपि, अघिल्लो वर्षको तुलनामा कृषि कर्जामा उल्लेख्य वृद्धि भएको देखिएतापनि कुल कर्जामा कृषि कर्जाको अंश १० प्रतिशत भन्दा कम रहेकोले यस क्षेत्रमा अझै थप कर्जा प्रवाह गर्नुपर्ने देखिन्छ ।

## २.८ कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### कृषि क्षेत्रका समस्या तथा चुनौतीहरु

- कोभिड-१९ को कारण वैदेशिक रोजगारीबाट फर्किएका तथा शहरी क्षेत्रबाट रोजगारी गुमाएकाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न तथा कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक र सम्मानजनक पेशाका रुपमा स्थापित गर्न कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकीकरण तथा विविधीकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- अधिकांश भू-भागमा मौसममा आधारित भइ कृषि खेती गर्नुपर्ने बाध्यता विद्यमान छ । यसका लागि पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने चुनौती रहेको छ ।
- खेतीयोग्य, समथर र उर्वर भूमि घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकोले उर्वर जमिन जोगाउन चुनौती रहेको छ ।
- समयमा नै बीउ-बिजन तथा मलखाद उपलब्ध हुन नसक्नु, कृषि उत्पादनको व्यवस्थित बजार नहुनु, ढुवानीको सहज व्यवस्था नहुनु र बिचौलियाहरुको कृषि उत्पादन बिक्रीमा मनोमानी हुने जस्ता कारणले कृषकहरुले उत्पादन गरेको कृषि उपजको उचित मूल्य नपाउने भएकाले यी समस्यालाई निराकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- आत्मनिर्भर हुन सक्ने कृषि उत्पादनको पहिचान गरी त्यस्ता उत्पादनलाई बढी प्राथमिकतामा राखी सरकारले तोके बमोजिमको सहुलियतपूर्ण ऋण र आवश्यकता अनुसारका तालिमहरु सहज एवम् छिटो छरितो रुपमा प्राप्त हुने गरी कार्यान्वयनमा ल्याउनुपर्ने चुनौती रहेको छ ।
- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकिन गर्ने प्रक्रिया लामो तथा झण्झटिलो रहँदै आएको स्थितिमा कृषकहरुलाई अपेक्षित रुपमा बीमाप्रति आकर्षित गर्न चुनौती रहेको छ ।
- जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आउनसक्ने समस्या बाढी, पहिरो, असिना, हावाहुरी जस्ता प्राकृतिक प्रकोपले वर्षेनी कृषि तथा पशुपन्छी तर्फ पर्नजाने ठूलो क्षर्ति न्यूनीकरण गर्न चुनौती रहेको छ ।
- बालीनालीमा देखिने नयाँ किसिमका रोग कीरा तथा पशुपन्छीमा लाग्ने जुनोटिक, लम्पी स्किन डिजिज एवम् महामारीजन्य रोगहरुको प्रकोप न्यूनीकरण गर्न चुनौती रहेको छ ।

- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबीच समन्वयको कमी भएर कार्यक्रमहरु एकै प्रकृतिका हुने, अनुगमन मूल्याङ्कनमा सहजता नहुने, कार्यक्रम दोहोरिने समस्या रहेको छ ।
- गुणस्तरीय उत्पादन भन्दा परिमाणमुखी उत्पादनमा बढी कार्यक्रमहरु भएको साथै पशुको रोग निदान तथा निवारणमुखी भन्दा अनुदानमुखी प्रकृतिका कार्यक्रम धेरै भएकाले पशु स्वास्थ्यमा ध्यान केन्द्रित गर्न नपाइएको जसका कारण विभिन्न रोगहरु/महामारीहरु फैलिने गरेको छ ।
- कृषि तथा भेटेरिनरी सेवामा कृषकहरुको पहुँचमा वृद्धि गराउनुका साथै कृषि, पशुपन्छी तथा मत्स्य विकासको लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्यमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन चुनौतीपूर्ण रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ को कारण स्वदेशमा रोजगारी गुमाएका र विदेशबाट फर्किएका श्रमशक्तिलाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गर्न राज्यले थप सहुलियतपूर्ण कार्यक्रम ल्याएको खण्डमा कृषिमा आत्म निर्भर बन्न सहयोग पुग्ने सम्भावना रहेको छ ।
- मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरु कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ ।
- प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य जिल्लाहरुमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- यस प्रदेश अन्तर्गत मनाङ र मुस्ताङ बाहेकका पहाडी क्षेत्रको भू-बनोट सुगम प्रकृतिको भएको तथा सिँचाई सुविधा पुऱ्याउन सकिने समथर (वेंशी) जमिनहरु प्रशस्त मात्रामा रहेकाले व्यवसायिक तरकारी खेती तथा खाद्यान्न बालीको उत्पादन प्रवर्द्धन गर्न सकेमा व्यवसायिक कृषि तथा बजारको उच्च सम्भावना रहेको छ ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको छ ।
- प्रदेशका एघार वटै जिल्लामा कृषि तथा भेटेरिनरी कार्यालय स्थापना भएको तथा कास्की र तनहुँ जिल्लामा मोडेल भेटेरिनरी अस्पताल निर्माणबाट विशिष्टिकृत पशु चिकित्सा सेवा प्राप्त हुने अवस्था रहेको छ ।
- गोरखा र पर्वत जिल्लामा माटो परीक्षण सेवा सुचारु भएको छ ।
- प्रदेश सरकारको नीतिमा कृषि तथा पशुपालन क्षेत्र उच्च प्राथमिकतामा रहेको छ ।

# परिच्छेद ३

# उद्योग क्षेत्र

## ३.१ परिचय


गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा अन्य प्रदेशको तुलनामा बढी रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १७.५ प्रतिशत रहने अनुमान छ । यस प्रदेशमा साना, मझौला र अनौपचारिक क्षेत्रका उद्योगहरुको वाहुल्यता रहेको छ । मझौला खालका ४६० उद्योगहरुमा १८,२८३ जना र १२,७२४ लघु उद्यममा ३६,८९९ जनाले रोजगारी पाएका छन् । (प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ वैशाख)

यस परिच्छेदमा गण्डकी प्रदेशका प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा रोजगारी, औद्योगिक कर्जा स्थिति एवम औद्योगिक क्षेत्रका प्रमुख समस्या, चुनौती तथा सम्भावनाहरु समेटिएको छ ।

## ३.२ प्रमुख उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

(क) आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेश अन्तर्गतका अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४० प्रतिशत रहेको छ । अघिल्लो वर्षको ती उद्योगहरुको औसत क्षमता उपयोग ३९.९ प्रतिशत रहेको थियो । औसत क्षमता उपयोग भन्दा बढी क्षमतामा सञ्चालन भएका उद्योगहरुमा चकलेट (८०.२ प्रतिशत), विस्कुट (७२.६ प्रतिशत), वियर (५६.६ प्रतिशत), इटा (५५ प्रतिशत), चुरोट (४९.५ प्रतिशत) तथा खाने तेल (४८ प्रतिशत) रहेका छन् भने बाँकी उद्योगहरु औसत क्षमता भन्दा कममा सञ्चालन भएका छन् । समीक्षा वर्ष प्रशोधित दूधको क्षमता उपयोग ७.१ प्रतिशत, सिमेन्ट उद्योगको २०.७ प्रतिशत र अन्य रासायनिक पदार्थ (औषधि) अन्तर्गत ट्याब्लेटको ३७.१ प्रतिशत, क्याप्सुल ४४.८ प्रतिशत, ओइन्टमेन्टको ९.८ प्रतिशत, ड्राई सिरपको ६.९ प्रतिशत र लिक्वीड औषधिको ३२.२ प्रतिशत रहेको छ । प्रशोधित दूध उत्पादन उद्योगबाट धुलो दूध, आइसक्रिम, नौनी यू, दही, पनिर जस्ता दूधजन्य पदार्थको समेत उत्पादन हुने भएकोले उक्त उद्योगको क्षमता अन्य दूधजन्य पदार्थ उत्पादनमा उपयोग हुने गरेको छ ।

**चार्ट : ३.१ आ.व. २०७७/७८ मा उद्योगहरुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

(ख) समीक्षा वर्ष खाद्यान्नमा आधारित उद्योगहरुमध्ये तोरीको तेलको उत्पादन ३.६ प्रतिशत, प्रशोधित दूधको उत्पादन ३५.३ प्रतिशत, बिस्कुटको उत्पादन ९ प्रतिशत, चकलेटको उत्पादन ०.६ प्रतिशत, वियरको उत्पादन ३१.७ प्रतिशत, चुरोटको उत्पादन १५.१ प्रतिशत, औषधि तर्फ टयाबलेटको उत्पादन १२.९ प्रतिशत, क्यापसुलको उत्पादन १५.६ प्रतिशत, इटाको उत्पादन ६२.४ प्रतिशत र सिमेन्टको उत्पादन २२.५ प्रतिशतले वृद्धि भएको छ । उक्त वस्तुहरुको मागमा आएको वृद्धिको परिणामस्वरुप उत्पादनमा वृद्धि भएको हो । समीक्षा अवधिमा चाउचाउको उत्पादन ९.३ प्रतिशत, औषधितर्फ ओइन्टमेन्टको उत्पादन १६.९ प्रतिशत, ड्राइ सिरपको उत्पादन ३४.९ प्रतिशतले र लिक्वीड औषधिको उत्पादन १६.४ प्रतिशतले घटेको छ ।

## ३.३ औद्योगिक कर्जा

२०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित औद्योगिक कर्जा २०७७ असार मसान्तको तुलनामा ७ प्रतिशतले वृद्धि भई कुल रु.६१ अर्ब ६९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३६.७ प्रतिशतले वृद्धि भएको थियो । कुल कर्जामा औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा १९.९ प्रतिशत पुगेको छ । कोभिड-१९ को प्रभावको कारण अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा औद्योगिक कर्जाको मागमा कमी आएका कारण यस्तो कर्जा वृद्धिदर कम भएको हो । नेपाल राष्ट्र बैंकले गरेको विभिन्न नीतिगत व्यवस्थाहरुका कारण औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जामा विस्तारै वृद्धि हुँदै गएको छ ।

## ३.४ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

२०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक कर्जा शीर्षकमा प्रवाहित कर्जा मध्ये सवैभन्दा बढी निर्माण उपशीर्षकमा रु.४१ अर्ब (६८.१ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.७ अर्ब ७८ करोड (१२.६ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.७ अर्ब ५४ करोड (१२.२ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपर्शीषकमा रु. २ अर्ब ९० करोड (४.७ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु. १ अर्ब १४ करोड (१.९ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.३१ करोड (०.५ प्रतिशत) कर्जा लगानी रहेको छ ।

**तालिका ३.१ जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | औद्योगिक कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | २,०८२.८४ | ३.३८ |
| मनाङ | १९.७२ | ०.०३ |
| मुस्ताङ | १११.७७ | ०.१८ |
| म्याग्दी | १,१८३.५२ | १.९२ |
| कास्की | ३६,४०६.०७ | ५९.०१ |
| लमजुङ | २,०२५.१५ | ३.२८ |
| तनहुँ | ६,९९३.२५ | ११.३४ |
| नवलपरासी (पूर्व) | ५,०५५.०६ | ८.१९ |
| स्याङ्जा | ३,७५०.७५ | ६.०८ |
| पर्वत | १,२७१.३७ | २.०६ |
| बाग्लुङ | २,७९१.७५ | ४.५३ |
| जम्मा | ६१,६९१.२५ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।*

## ३.५ औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### समस्या तथा चुनौतीहरु

- अधिकांश उद्योगहरुको उत्पादन क्षमताको आधा क्षमता पनि उपयोग नभएका कारण उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनको लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनुपर्ने चुनौती छ।
- उद्योग क्षेत्रमा दक्ष श्रमशक्तिको अभाव रहेको छ। अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरुले प्रायः दक्ष श्रमशक्तिको अभाव खेपिरहनुपर्ने अवस्था रहेको छ।
- उत्पादित वस्तुहरुको लागत बढी तथा गुणस्तरमा कमी हुनाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भइरहेको अवस्था छ। स्वदेशी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने चुनौती छ।
- उद्योग स्थापना गर्दा, नवीकरण गर्दा, कर/दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलताहरु रहेका छन्। समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन एवम् सूचना प्रविधिको उपयोगलाई अधिकतम् प्रवर्द्धन गर्नुपर्ने चुनौती रहेको छ।
- केही वर्षयता जग्गाको उच्च मूल्य वृद्धिका कारण नयाँ स्थापना हुने क्रममा रहेका उद्योगहरुले उपयुक्त स्थानहरुमा जग्गा पाउन समस्या हुनुको साथै उद्योग स्थापनाको लागत समेत वृद्धि भएको छ।
- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न चुनौती रहेको छ।
- पर्याप्त उर्जा आपूर्ति एवम् भरपर्दो सडक यातायातको सुविधा उपलव्ध गराउनुपर्ने चुनौती रहेको छ।
- पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको अभाव सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ।

### सम्भावनाहरु

- प्रदेशको दीगो अर्थतन्त्र निर्माण र समृद्धिका लागि औद्योगिकीकरण अपरिहार्य भएकाले समुदायले दैनिक रुपमा खपत गर्ने र पर्यटन क्षेत्रमा खपत हुने मुख्य वस्तुहरु उत्पादन गर्ने कृषि प्रशोधन उद्योगहरु सञ्चालन गरी पर्यटन व्यवसाय र स्थानीय उत्पादकसँग सघन सहकार्य मार्फत अग्र र पृष्ठ सम्बन्ध स्थापना गर्न सकिने प्रवल सम्भावना रहेको छ।
- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको छ।
- सहुलियतपूर्ण उर्जा आपूर्तिमार्फत् उद्योगहरुको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ।
- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादनको प्रयोग बढ्ने सम्भावना रहेको छ।
- आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट मार्फत यस प्रदेश अन्तर्गत रहेको गोरखकाली टायर कारखानालाई निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न प्रस्ताव आव्हान गरिने र उद्योगको जग्गा र भौतिक संरचनालाई नेपाल सरकारको तर्फबाट हुने लगानीमा गणना गरी निजी क्षेत्रलाई थप लगानी सहित सञ्चालन गर्न प्रोत्साहित गर्ने सम्भावना रहेको छ।
- यस प्रदेशमा मुख्यतः देहाय बमोजिमका उद्योगहरु स्थापना तथा विस्तारको सम्भावना रहेको छ।
  - कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरु एवम् श्रममा आधारित उद्योगहरु,
  - स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु,
  - परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरु,
  - वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योग धन्दाहरु,
  - ढुङ्गा, गिटी, बालुवा लगायतका खनिज तथा उत्खनन् सम्बन्धी उद्योगहरु,
  - फलाम खानी उत्खनन् तथा प्रशोधन उद्योग।
  - प्रथम पञ्चवर्षीय योजना अन्तर्गत प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको योजनामा "प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको" उल्लेख गरिएको।

# परिच्छेद ४

# सेवा क्षेत्र

## ४.१ परिचय

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्र खासगरी पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ । (प्रथम पञ्चवर्षीय योजना प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख)

यस परिच्छेदमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य आदि जस्ता सेवा क्षेत्रको अवस्थाका बारेमा चर्चा गरिएको छ । साथै, गण्डकी प्रदेशमा सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु पनि समेटिएको छ ।

## ४.२ पर्यटन

(क) गण्डकी प्रदेश अन्तर्गत पश्चिमाञ्चल होटल संघ, अन्नपूर्ण संरक्षण आयोजना कार्यालय मनाङ र मुस्ताङबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा रहेका पर्यटक स्तरीय होटल तथा लजको संख्या ४.७ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा ९५४ पुगेको छ । त्यसैगरी, असार मसान्तमा होटल/लजहरुमा शैया संख्या २४,६०२ पुगेको छ । यो संख्या एक वर्ष अघिको तुलनामा करिब २.४ प्रतिशतले बढी हो ।

(ख) अन्नपूर्ण संरक्षण आयोजना कार्यालय मनाङ र मुस्ताङबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्ष उक्त जिल्ला भ्रमणमा आउने विदेशी पर्यटकहरुको संख्या २,०६१ रहेको छ । जसमध्ये, भारतबाट आउने पर्यटकको संख्या १,०७५, चीनबाट आउने पर्यटकको संख्या ९ र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ९७७ रहेको छ ।

(ग) गण्डकी प्रदेश अन्तर्गत रहेका नमूनाका रुपमा छनौट गरिएका पाँच होटलहरु (कुटी रिसोर्ट एण्ड स्पा प्रा.लि., होटल सांग्रिला भिलेज प्रा. लि., होटल पोखरा ग्राण्ड, रुपाकोट रिसोर्ट प्रा.लि. र अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि.) बाट लिइएको तथ्याङ्कको आधारमा २०७८ असार मसान्तमा उक्त होटल/लजहरुमा शैया संख्या ४१९ रहेको छ । कोभिड-१९ को महामारीका कारण उक्त होटलहरुबाट सृजना भएको रोजगारीमा १४.१ प्रतिशतले घटेको विवरण प्राप्त भएको छ । यस महामारीको कारण समीक्षा वर्षमा माथि उल्लिखित होटलहरुमा आन्तरिक तथा बाह्य पर्यटन आगमन संख्या ८२.३ प्रतिशतले घटेर ६ हजार ७८६ मा सीमित हुन पुगेको छ ।

(घ) नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको कोभिड–१९ (पहिलो लहर) ले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन अनुसार सर्वेक्षणमा संलग्न पर्यटन व्यवसायमा बन्दाबन्दीको कारणले ५३ प्रतिशत कर्मचारी/कामदारले रोजगारी गुमाएको, पर्यटन व्यवसायहरुमा कर्मचारी/कामदारको तलब सुविधा औसतमा ५७.३ प्रतिशतले कटौती भएको र बन्दाबन्दी शुरु भएदेखि सर्वेक्षण अवधिसम्ममा सर्वेक्षणमा संलग्न व्यवसायीहरुमध्ये सर्वाधिक ३३.६ प्रतिशत व्यवसायीले रु. १० लाखदेखि २० लाखसम्म गुमाएको पाइएको छ । सर्वेक्षणमा पर्यटन व्यवसायीहरुले आफ्नो व्यवसाय सामान्य अवस्थामा फर्कन २ वर्षभन्दा बढी लाग्ने अनुमान गरेका छन् ।

## ४.३ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्ष यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरुबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्या ३७.१ प्रतिशतले वृद्धि भई ३७ हजार ४७ पुगेको छ । समीक्षा वर्षमा घर जग्गा रजिष्ट्रेशन बापतको राजस्वमा

उल्लेख्य वृद्धि अर्थात ११२.३ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ६१ करोड पुगेको छ । समीक्षा वर्षमा घर/भवन स्थायी नक्सा पास संख्या ३,६५४ पुगेको छ जुन अघिल्लो वर्षको तुलनामा करिब १२.१ प्रतिशतले बढी हो ।

**तालिका ४.१: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **घरजग्गा रजिष्ट्रेशन संख्या** | २७,०१६ | ३७,०४७ | ३७.१३ |
| **घर/भवन स्थायी नक्सा पास संख्या** | ३,२६१ | ३,६५४ | १२.०५ |
| **घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा)** | १,७०३.३८ | ३,६१६.२२ | ११२.३० |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ४.४ वित्तीय सेवा


(क) २०७८ असार मसान्तमा यस प्रदेशमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या १,३६६ पुगेको छ । बैंक तथा वित्तीय संस्थाका शाखाहरु कास्की जिल्लामा सबैभन्दा बढी अर्थात् ३६३ र मनाङ जिल्लामा सबैभन्दा कम अर्थात् १७ वटा रहेका छन् ।

**तालिका ४.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७७ असार मसान्त | २०७८ असार मसान्त |
|---|---|---|
| गोर्खा | १०३ | १११ |
| मनाङ | १४ | १७ |
| मुस्ताङ | २१ | २४ |
| म्याग्दी | ५३ | ५३ |
| कास्की | ३४५ | ३६३ |
| लमजुङ | ९७ | १०१ |
| तनहुँ | १८३ | १९७ |
| नवलपरासी (पूर्व) | १७३ | १८९ |
| स्याङ्जा | ११७ | १२२ |
| पर्वत | ८२ | ८४ |
| बाग्लुङ | १०० | १०५ |
| **जम्मा** | **१,२८८** | **१,३६६** |

*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।*

(ख) २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको कुल निक्षेप २२.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६८ अर्ब ३२ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुका शाखा विस्तार, नेपाल सरकारले उपलब्ध गराउने पेन्सन लगायत विभिन्न सुरक्षा भत्ताहरु तथा भारत सरकारले अवकाशप्राप्त सैनिकहरुलाई प्रदान गर्ने पेन्सन बैक खातामार्फत उपलव्ध गराउन थालेकोले निक्षेपमा उल्लेख्य वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप ५०.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल कर्जा लगानी २७.७ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब १५ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी ३०.२ प्रतिशतले वृद्धि भएको थियो ।




*स्रोतः नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।*

(ग) २०७८ असार मसान्तमा यस प्रदेशमा निक्षेपकर्ताहरुको कुल संख्या २०७७ असार मसान्तको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई ४१ लाख ६४ हजार ५७८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ३४.५ प्रतिशत रहेको थियो । माथि उल्लिखित कारणका अतिरिक्त सर्वसाधारणको वित्तीय चेतनामा भएको वृद्धि समेतले गर्दा निक्षेपकर्ताहरुको संख्यामा वृद्धि भएको हो ।

(घ) २०७८ असार मसान्तमा यस प्रदेशमा इन्टरनेट र मोबाइल बैंकिङ दर्ता गर्नेको संख्या क्रमश : ७० हजार ५४७ र १६ लाख ४४ हजार ३५४ पुगेको छ भने इन्टरनेट र मोवाइल बैंकिङमा सक्रिय प्रयोगकर्ताको संख्या क्रमश : ५० हजार ८१६ र १२ लाख ३६ हजार ७२८ पुगेको छ ।

(ङ) २०७८ असार मसान्तमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमार्फत विदेशी मुद्रा सटहीको इजाजतप्राप्त गरेका संस्थाहरुको संख्या १३५ पुगेको छ । जसमध्ये, मनिचेन्जर ४४ वटा, होटल/रिसोर्ट ३२ वटा, ट्राभल एजेन्सी २५ वटा, ट्रेकिङ्ग एजेन्सी २८ वटा र अन्यको संख्या ५ रहेका छन् ।

(च) आर्थिक वर्ष २०७७/७८ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुमा सञ्चालित ९ वटा नोटकोषहरुमा रु.१७ अर्ब ५७ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष रु.१५ अर्ब ३५ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(छ) आर्थिक वर्ष २०७७/७८ मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.१ अर्ब २० करोड १० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्षको तुलनामा यो ६१ प्रतिशतले न्यून हो । अघिल्लो वर्ष रु.३ अर्ब ७ करोड ७५ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । कोभिड १९ का कारण पर्यटक आगमन नभएका कारण परिवर्त्य विदेशी मुद्रा खरिदमा कमी आएको हो । खरिद भएको कुल परिवर्त्य विदेशी मुद्रामा अमेरिकी डलरको अंश ३६.९ प्रतिशत, युरोको अंश ६३.३ प्रतिशत र बाँकी अन्य विदेशी मुद्राको रहेको छ । समीक्षा वर्ष नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट रु. १ करोड ९२ लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ ।

(ज) गण्डकी प्रदेश अन्तर्गतका ७ जिल्लाहरुबाट नमूनाको रुपमा छनौट गरिएका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्यांकको आधारमा २०७७ असारको तुलनामा २०७८ असार मसान्तमा उक्त संस्थाहरुको कुल पुंजी १३.५ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ८४ करोड, कुल वचत ३५.१ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ७८ करोड र कुल कर्जा २९.९ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब

पुगेको छ । उक्त बचत तथा ऋण सहकारी संस्थाहरुले ४२३ जनालाई रोजगारी प्रदान गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा ११.६ प्रतिशतले बढी हो ।

(झ) आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४९ वटा नयाँ शाखाहरु स्थापना भई १९० जनाले रोजगारी पाएका छन् । गोरखा जिल्लामा सवैभन्दा धेरै ७ वटा शाखा विस्तार भएको छ भने लम्जुङ जिल्लामा १ वटा शाखा विस्तार भएको छ । नयाँ शाखा विस्तारबाट निक्षेप रु.१० अर्ब ३४ करोड ४७ लाख परिचालन र कर्जा रु. २ अर्ब ४९ करोड ७५ लाख प्रवाह भएको छ ।

### ४.५ यातायात

२०७८ असार मसान्तसम्ममा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायात साधनको संख्या २ लाख ४५ हजार २८२ रहेको छ, जसमध्ये मोटरसाईकलको संख्या १ लाख ९० हजार ३१९ रहेको छ भने अन्य सवारी साधनको संख्या ५४ हजार ९६३ रहेको छ । अघिल्लो वर्षको सोही मितिमा यातायात साधनको संख्या २ लाख ३६ हजार ६२३ रहेकोमा मोटरसाईकलको संख्या १ लाख ८२ हजार १२ र अन्य सवारी साधनको संख्या ५४ हजार ६११ रहेको थियो । समीक्षा वर्षको अन्त्यसम्ममा यस प्रदेशमा कुल ५ हजार १९५ कि.मि. सडक निर्माण भएको छ, जसमध्ये पक्की सडक ९५९ कि.मि. (१८.५ प्रतिशत) मात्र रहेको छ । यस अवधिमा कच्ची र पक्की सडक गरी कुल ६८२ कि.मि. नयाँ सडक निर्माण भएको छ ।

### ४.६ शिक्षा र स्वास्थ्य

अध्ययन क्षेत्रभित्र रहेका जिल्लास्थित जिल्ला शिक्षा विकास समन्वय इकाई तथा क्याम्पसहरुबाट प्राप्त तथ्याङ्कको आधारमा २०७८ असार मसान्तसम्म सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी विद्यालय, प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आवद्ध भएमा क्याम्पसको संख्या क्रमशः ६.६ प्रतिशत, २.८ प्रतिशत, ३५.४ प्रतिशत र १० प्रतिशतले वृद्धि भएको छ । सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी संख्या ६.२ प्रतिशत र प्राविधिक शिक्षालयमा २१.९ प्रतिशतले वृद्धि भएको छ ।

अध्ययन क्षेत्रका जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा सरकारी/सामुदायिक र निजी अस्पताल गरी कुल अस्पतालको संख्या १६१ पुगेको छ । जसमध्ये ५७ सरकारी/सामुदायिक र १०४ निजी अस्पताल रहेका छन् । समीक्षा वर्ष ९ सरकारी/सामुदायिक अस्पताल थपिएका छन् भने निजीतर्फ एउटा अस्पताल थपिएको छ । सरकारी/सामुदायिक अस्पतालमा चिकित्सकको संख्या २२.५ प्रतिशत र शैया संख्या १६.४ प्रतिशतले बृद्धि भएको छ भने निजी अस्पताल तर्फ चिकित्सक संख्या ०.८ प्रतिशत र शैया संख्या ०.४ प्रतिशतले बृद्धि भएको छ ।

### ४.७ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा २४.३१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १९ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३४.५० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु.५८ अर्ब ९९ करोड (४९.२५ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.२५ अर्ब ४७ करोड (२१.२७ प्रतिशत), पर्यटन शीर्षकमा रु.१९ अर्ब ५७ करोड (१६.३४ प्रतिशत), यातायात, भण्डारण र संचार शीर्षकमा रु.८ अर्ब २८ करोड (६.९१ प्रतिशत), अन्य सेवा शीर्षकमा रु.७ अर्ब ४५ करोड (६.२२ प्रतिशत) कर्जा वक्यौता रहेको छ ।

**तालिका ४.३ जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोर्खा | ४,०२०.०३ | ३.३६ |
| मनाङ | १६५.७७ | ०.१४ |
| मुस्ताङ | १८८.७० | ०.१६ |
| म्याग्दी | २,३३८.७८ | १.९५ |
| कास्की | ७२,४७२.९० | ६०.५१ |
| लमजुङ | ३,४१६.९७ | २.८५ |
| तनहुँ | १२,४४४.६१ | १०.३९ |
| नवलपरासी (पूर्व) | १०,९३२.८६ | ९.१३ |
| स्याङ्जा | ६,८७८.४४ | ५.७४ |
| पर्वत | २,९११.७४ | २.४३ |
| बाग्लुङ | ४,००३.३६ | ३.३४ |
| जम्मा | ११९,७७४.१६ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।*

## ४.८ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०७८ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु. २५ अर्ब ८ करोड ८ लाख कर्जा प्रवाह भएको छ । प्रवाहित कर्जा मध्ये सबैभन्दा धेरै व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा ५२.६ प्रतिशत र महिला उद्यमशील कर्जा ४६.७ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा गण्डकी प्रदेशमा यस्तो कर्जा लिने ऋणीको संख्या १८ हजार ३७१ पुगेको छ । यसबाट व्यवसायिक कृषि तथा पशुपालन क्षेत्र र महिला उद्यमी/व्यवसायीहरुलाई प्रत्यक्ष लाभ पुगेको देखिन्छ ।

**४.४: सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी (तेस्रो संशोधन) २०७५ अनुसार गण्डकी प्रदेशमा प्रवाहित कर्जा**

| क्र.सं. | कर्जा प्रकार | कर्जा संख्या | बक्यौता कर्जा रकम (रु. दश लाखमा) | बक्यौता कर्जा रकम (प्रतिशत) |
|---|---|---|---|---|
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ६,१६५ | १,३१,८९.६ | ५२.५७ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | १५ | ५.७ | ०.०२ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | १०४ | ७४.२ | ०.३० |
| ४ | महिला उद्यमशील कर्जा | ११,८८९ | १,१७,१८.६ | ४६.७१ |
| ५ | दलित समुदाय व्यवसाय विकास कर्जा | १३५ | ८७.७ | ०.३५ |
| ६ | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | ६ | १.० | ०.०० |
| ७ | भुकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | ५७ | ११.८ | ०.०५ |
| ८ | कपडा उद्योग सञ्चालनको लागि | ० | ०.० | ०.०० |
| ९ | प्राविधिक तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम | ० | ०.० | ०.०० |
| १० | युवा वर्ग स्वरोजगार कर्जा | ० | ०.० | ०.०० |
| **कुल** | | **१८,३७१** | **२,५०,८८.७** | **१००.०** |

*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।*

## ४.९ सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

**समस्या तथा चुनौतीहरु**

- विश्वव्यापी कोराना भाइरस (कोभिड-१९)को महामारीबाट यस प्रदेशको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ । तसर्थ, आगामी दिनमा पर्यटन क्षेत्रलाई पुनरजीवित गर्नुपर्ने चुनौती रहेको छ ।
- सडक सञ्जालको विस्तारसँगै परम्परागत पदमार्गहरु मासिँदै गएका छन् । सडक सञ्जाल विकासको क्रममा पदमार्गहरु संरक्षण गर्नुपर्ने तथा नयाँ पदमार्गहरु खोजी गर्नुपर्ने चुनौती रहेको छ ।
- पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको अभाव रहेको छ । यस्ता अत्यावश्यकीय सुविधाको अभावमा सम्भावित समस्याहरु न्यूनीकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- पर्यटक आगमनको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- गण्डकी प्रदेशको पोखराबाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु भरपर्दो नहुनु लगायतका समस्याहरु विद्यमान रहेका छन् ।
- अध्ययन क्षेत्रका बैंकहरुको कर्जा लगानी उत्पादनशील क्षेत्रमा विस्तार हुन नसक्नु, घर-जग्गामा लगानी केन्द्रित हुँदै जाने प्रवृत्तिका कारण ग्रामीण तथा दूर्गम क्षेत्रमा पर्याप्त मात्रामा कर्जा विस्तार र वित्तीय पहुँच विस्तार हुन सकेको छैन ।
- गण्डकी प्रदेशको कुल निक्षेप तथा कर्जाको करिव ६५ प्रतिशत हिस्सा तीनवटा जिल्ला कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लामा मात्रै अधिकेन्द्रित भएको पाइएको छ । यी तीन जिल्ला बाहेकका अन्य जिल्लाहरुमा पनि वित्तीय साधनको समुचित वितरणमार्फत आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने चुनौती रहेको छ ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरु तथा गैर-सरकारी संस्थाहरुको संख्या तथा कारोबारमा विस्तार भएता पनि यस्ता संस्थाहरुको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रहेको र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता एवम् विद्युतीय वित्तीय साक्षरता (Digital Financial Literacy) बढाउनु पर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ महामारीको असर समाप्त भइसकेपछि यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरु स्थापनाको उच्च सम्भावना रहेको देखिन्छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय पर्यटकहरुले यस

मार्गको प्रयोग गरी गण्डकी प्रदेशका मुक्तिनाथ, मनाङ, मुस्ताङ लगायत विभिन्न पर्यटकीय स्थलहरु पुग्न अझै सहज हुने देखिन्छ ।

- स्थानीय तहमा आर्थिक गतिविधि विस्तार भएसँगै ग्रामीण भेगसम्म बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुने क्रममा रहेका छन् । समीक्षा अवधिसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेका छन् । ग्रामीण क्षेत्रहरुमा समेत पर्याप्त रुपमा बैंकिङ्ग सेवा उपलव्ध भएपछि आर्थिक गतिविधि लगायत वित्तीय सेवाको पहुँच थप विस्तार हुने सम्भावना रहेको छ ।
- पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्व्याउन तालहरुमा अत्याधुनिक Water Show/Water Sports (Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशको हिमाली जिल्ला मनाङ र मुस्ताङमा स्वदेशी तथा विदेशी पर्यटनको राम्रो सम्भावना रहेकोले उक्त क्षेत्रमा कर्जा विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ५
# पूर्वाधार क्षेत्र

## ५.१ परिचय

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने प्रमुख राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति समीक्षा गरिएको छ । साथै, यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएमा समस्या, चुनौती तथा सम्भावनाहरु पनि यसै परिच्छेदमा समेटिएको छ ।

## ५.२ पूर्वाधार क्षेत्र

**राष्ट्रिय गौरवका आयोजनाहरु**

(क) **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल :** २०७८ असारसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको राष्ट्रिय गौरवको यस आयोजनाको (२०७८ असार महिनासम्ममा) करिब ८१ प्रतिशत निर्माण कार्य सम्पन्न भई अन्तिम चरणको काम भै रहेको छ भने २०७९ असार मसान्त सम्मका लागी म्याद थप भएको छ । यस आयोजनाबाट कुल ३४४ जनाले रोजगारी प्राप्त गरेका छन् । जसमध्ये स्वदेशी कामदारको संख्या २३० छ भने विदेशी कामदारको संख्या १८५ रहेको छ ।

(ख) **बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा निर्माण हुन गइरहेको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको शुरुवाती अनुमानित लागत २ हजार ५ सय ९३ मिलियन अमेरिकी डलर रहेको छ । वर्षायाममा १२०० मेगावाट र सुख्खायाममा न्यूनतम ९१८ मेगावाट उत्पादन क्षमता रहने यस आयोजनाको निर्माण कार्यको मोडालिटी निर्धारण र डुबान क्षेत्रमा जग्गा मुआव्जा वितरणका कामहरु सम्पन्न हुने चरणमा छन् । यस आयोजनाबाट कुल ३९ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ग) **कालीगण्डकी करिडोर :** कुल ४३१ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको हालसम्म करिब ७२.५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको छ । राष्ट्रिय गौरवको यस आयोजनाको प्रारम्भिक अनुमानित लागत रु.२४.१ अर्ब रहेको थियो भने आर्थिक वर्ष २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । यस आयोजनाको कार्य प्रगति सन्तोषजनक हुन नसक्नुमा लोकमार्गमा पर्ने घर/टहरा, जग्गा जमिनको मुआब्जा सम्बन्धी विवाद र वन कार्यालयबाट रुख कटानीको स्वीकृति प्राप्त गर्न पूरा गर्नुपर्ने लामो प्रक्रिया मुख्य समस्याको रुपमा रहेका छन् । यस आयोजनाबाट कुल १५०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

(घ) **मध्य पहाडी लोकमार्ग :** पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तरगत गण्डकी प्रदेशको गोरखा-लमजुङ् खण्डमा पर्ने १११ कि.मि. मध्ये ५५ प्रतिशत कार्य सम्पन्न भई बाँकीको निर्माणकार्य धमाधम भइरहेको छ भने कास्की-पर्वत-बाग्लुङ् खण्डमा पर्ने २४५ कि.मि. मध्ये ८० प्रतिशत कार्य सम्पन्न भई बाँकी निर्माण कार्य धमाधम भइरहेको छ ।

**अन्य आयोजनाहरु**

(क) **तनहुँ जलविद्युत आयोजना :** तनहुँ जिल्लामा १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको अनुमानित लागत रु. ५५ अर्ब रहेको छ । यस आयोजनाको हालसम्मको भौतिक प्रगति ४ प्रतिशत रहेको छ । यस आयोजनाबाट कुल २०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

## ५.३ पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

**समस्या तथा चुनौतीहरु**

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको अभावमा निर्माण खर्चमा दोहोरोपना आउने गरेको तथा व्यवस्थित अभिलेख समेत नरहने हुँदा मितव्ययिता अपनाउने कार्यमा चुनौती रहेको छ ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआव्जा सम्बन्धी विवादको शीघ्र समाधान र स्थानीयहरुबाट हुने विभिन्न किसिमका मागहरुको सम्बोधन गर्न विलम्व हुने कारणले आयोजना समयमै सम्पन्न हुन नसक्ने तथा लागतमा वृद्धि हुने चुनौती रहेको छ ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण जोखिम अझै कायम रहेको हुँदा राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता नहुनु साथै आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति नहुनु, विस्फोटक पद्धार्थ समयमा आउन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।
- प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माणमा कठिनाई , समयमा आयोजना सम्पन्न नहुने कारणले क्षती हुने समस्या रहेका छन् ।
- सडक निर्माणका क्रममा ठेकेदारहरुले परियोजना (निर्माणको सम्पूर्ण कार्य, मजदुर, निर्माण सामाग्री, निर्माण सम्बन्धी उपकरण) को बीमा गर्ने गरेको भएतापनि निर्माण कार्यमा विभिन्न कारणले भएको क्षतिको दाबी गर्दा बीमा कम्पनीबाट न्यून मात्रामा क्षतिपूर्ति रकम प्राप्त हुने र त्यस्तो रकम समयमा भुक्तानी नहुने समस्या रहेको छ ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ । स-साना आयोजनादेखि १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना निर्माणको प्रक्रियामा रहेका छन् । अन्य धेरै आयोजना निर्माणाधीन अवस्थामा पनि छन् ।
- सप्तगण्डकीका सहायक नदीहरुमा अन्य जलविद्युत आयोजनाहरु सञ्चालन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- पर्यटन क्षेत्र यस प्रदेशको आर्थिक मेरुदण्ड रहँदै आएको छ । पर्यटकीय पूर्वाधार र केबुलकारको उच्च सम्भावना रहेको छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरले यस प्रदेशलाई उत्तरमा कोरला नाकामार्फत चीनसँग र दक्षिणमा त्रिवेणी नाकामार्फत भारतसँग अन्तर्राष्ट्रिय व्यापारको ढोका खोलिदिने भएकोले यसको निर्माण सम्पन्न भएपश्चात् यस प्रदेशको वैदेशिक व्यापारमा ठूलो टेवा पुग्ने सम्भावना रहेको छ ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भइ ठेक्का लगाई सकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने देखिन्छ ।
- यस प्रदेशमा निर्माणाधीन राष्ट्रिय गौरव तथा अन्य परियोजनाहरुको हालसम्मको भौतिक प्रगति उल्लेख्य देखिएको र रोजगारीमा पनि बढोत्तरी हुने देखिएको हुँदा तोकिएको समयमा सम्पन्न गर्न सकेको खण्डमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेको छ ।

## बाढी पहिरोले मनाङ र पर्वत जिल्लामा पुगेको क्षतिको अनुमानित विवरण

### भौगोलिक क्षतिको विवरण

नेपालको भू-बनोट, कमजोर भौगोलिक अवस्था, मौसमी तथा बेमौसमी बर्षा र जलवायू परिवर्तनका कारणबाट नदीनालाहरुको जलाधार क्षेत्रमा आएको बाढी पहिरोले व्यापक जनधनको क्षति हुने गर्दछ । यस वर्ष गत जेठ १४ र असार १ गते आएको बाढीपहिरोले प्रदेशका अन्य जिल्लाहरुको तुलनामा मनाङ र पर्वतमा बढी क्षति पुऱ्याएको अनुमान छ । जिल्ला प्रशासन कार्यालय मनाङले मिति २०७८/०३/२५ गते देखि २९ गते सम्म जिल्लाको क्षतिग्रस्त स्थानहरुमा गरेको निरीक्षण प्रतिवेदन अनुसार उक्त जिल्लाका नासो गाँउपालिका (तालबजार, सिरान ताल, खोत्रो, धारापानी, थोचें, बगरछाप, दानाक्यू) चामे गाँउपालिकाको (तिमाङ, थान्चोक, कोतो, चामे बजार) र निस्याङ गाँउपालिका (भ्राताङ) बढी प्रभावित भएको पाइएको छ । जिल्ला प्रशासन कार्यालय मनाङको उक्त प्रतिवेदन तथा मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय, पर्वतका अनुसार बाढी पहिरोले पुऱ्याएको प्रमुख क्षति देहाय बमोजिम रहेको पाइएको छः

### सडक पूर्वाधारमा पुगेको क्षति

गत जेठ १४ र असार १ गते आएको बाढीपहिरोले तल्लो र माथिल्लो मनाङलाई जोड्ने स्थलमार्ग अवरुद्ध भएको छ । जेठ १४ देखि चामे सडक विच्छेद भएको थियो भने पुनः असार १ गते आएको बाढीले सडकतर्फ चामे-तालसम्म करिब १० कि.मि. पूर्णक्षति  र चामे -भ्राताङ खण्डको ८ कि.मि. मध्ये करिब ६० प्रतिशत क्षति भएको छ भने पुलतर्फ ३ वटा काठेपुल पूर्णरुपमा क्षति भएको छ । बाढी र पहिरोले प्रभावित क्षेत्रका सडक, झोलुङ्गे पुल, स्कुलको भौतिक संरचना, काठे पुल, चामे र मनाङ जोड्ने स्टील ट्रस व्रिज समेत प्रयोग विहिन भएका छन् ।

### सिँचाइ तथा खानेपानी, उर्जा र अन्य भौतिक संरचनामा पुगेको क्षति

बाढी पहिरोले सिँचाइ तथा खानेपानीमा ठूलो क्षति पुऱ्याएको छ । उर्जातर्फ नासों र चामेको लघु जलविद्युत आयोजनामा पूर्ण क्षति पुगेको छ भने डिस्याङको लघु जलविद्युत आयोजनामा आंशिक क्षति पुगेको छ । नदी र खोला किनारमा बाढीको कटानका कारण पावर हाउस, इन्टेक, फोर वे पूर्णरुपमा क्षति भएको छ । बाढीले सरकारी कार्यालयतर्फ जिल्ला हुलाक कार्यालय, मनाङ, नासो गाउँपालिका कार्यालय धारापानी, नासो गाउँपालिका वडा नं ९ को कार्यालय पूर्ण रुपमा क्षति भएको छ भने श्री लोकप्रिय आवासीय मा.वि., श्री प्रकाश ज्योती मा.वि. थाचे, श्री भानु मा.वि., तालमा आंशिक क्षति पुगेको छ ।

### मध्यपहाडी लोकमार्गको पर्वत खण्डमा पुगेको क्षति

पहिरोका कारण मध्यपहाडी राजमार्गको पर्वत खण्डमा निर्माणाधीन सडकमा २० करोड रुपैंया बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ । २०७८ भदौ १७ गते खसेको पहिरोले साढे आठ (८) कि.मि सडक क्षतविक्षत बनाएको छ । मध्यपहाडी (पुष्पलाल) राजमार्गमा गएको पहिरोका कारण चार जिल्ला (पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङ) हरु प्रत्यक्ष प्रभावित भएका छन् । सडक खुलाउन मात्रै आठ दिनसम्ममा करिब ५ करोड रुपैंया खर्च भएको छ । उक्त राजमार्ग २०७८ भदौ २४ गते बिहिबारबाट एकतर्फि खुलेको छ । सडक निर्माणको क्रममा ठेकेदारहरुले परियोजना (निर्माणको सम्पूर्ण कार्य, मजदुर, निर्माण सामाग्री, निर्माण सम्बन्धी उपकरण आदि) को बीमा गर्ने गरेको भएतापनि निर्माण कार्यमा विभिन्न कारणले भएको क्षतिको दाबी गर्दा बीमा कम्पनीबाट न्यून मात्रामा क्षतिपूर्ति रकम प्राप्त हुने र त्यस्तो रकम समयमा समेत भुक्तानी हुने नगरेको ।

स्रोत : *जिल्ला प्रशासन कार्यालय, मनाङले प्रकाशन गरेको प्रतिवेदन र मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय, पर्वत ।*

# परिच्छेद ६

# आर्थिक परिदृश्य

## ६.१ परिचय

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप नेपाल सरकारबाट लगाउन सुरु भएको, दैनिक संक्रमित संख्यामा समेत उल्लेख्य कमी आएको तथा बन्दाबन्दीको अवस्था अन्त्य भई सम्पूर्ण आर्थिक गतिविधिहरु सुचारु हुँदै जान थालेको छ । २०७८ असोज १७ गते सम्ममा कोभिड-१९ विरुद्धको दुवै मात्रा खोप लगाउनेको संख्या ६ लाख ८ हजार ८२९ छ भने पहिलो मात्रा खोप लगाउनेको संख्या ७ लाख ८९ हजार २०० पुगेको छ । कोभिड विरुद्ध दुवै मात्रा खोप लगाएका र खोप लगाउने कार्य निरन्तर रहेका कारण कृषि, उद्योग तथा सेवा क्षेत्र लगायत समग्र आर्थिक परिदृश्य सुधारोन्मुख हुने देखिन्छ । सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृष्य यस परिच्छेदमा चर्चा गरिएको छ ।

## ६.२ कृषि क्षेत्र

कोभिड-१९ को संक्रमण दर कम भएसँगै प्रदेशमा व्यवसायिक कृषि गतिविधिमा क्रमिक रुपमा सुधार देखिएको छ । साथै, मौसम अनुकूलता, ढुवानी, मलखाद, बीउ बीजन लगायतका आवश्यक सामानहरुको सहज आपूर्ति भएकोले कृषि क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

अध्ययन क्षेत्र अन्तर्गतका विभिन्न जिल्लाका कृषि ज्ञान केन्द्रहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार र गत वर्षको वृद्धिदरलाई आधार मानी आर्थिक वर्ष २०७८/७९ को कृषि उत्पादनको परिदृश्य तयार गरिएको छ ।

- उन्नत जातका विउको प्रयोग बढ्दै गईरहेको र वर्षा पनि समयमा भएकाले धान उत्पादनमा करिब २.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- उन्नत जातको बिउको प्रयोग बढ्दै जानुका साथै सिञ्चित क्षेत्रफलमा भएको वृद्धिको कारण मकै र कोदोको उत्पादन क्रमश : १.१ प्रतिशत र २.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- विगतमा कृषकहरुको गहुँ खेतीतर्फ अभिरुचि घट्दै गएको हुनाले उक्त वालीको उत्पादन भने २.९ प्रतिशतले ह्रास हुने प्रक्षेपण रहेको छ ।
- वर्तमान समयमा व्यवसायिक तरकारी खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको छ । राज्यले युवाशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्न विभिन्न कार्यक्रमका साथै अनुदान र सहयोग उपलब्ध गराइरहेको छ । साथै गैरसरकारी संस्थाहरुद्वारा समेत कृषकहरुलाई तालिम, सचेतना, प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन २.८ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ ।
- फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार हुनु, मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम हुनु, कृषि तथा पशुपन्छी कर्जामा व्याज अनुदान आदिका कारण सकारात्मक प्रभाव पार्ने भएकोले फलफूल उत्पादनमा २ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार दूधको उत्पादनमा ४.१ प्रतिशत, मासुको उत्पादन ५.२ प्रतिशत, अण्डाको उत्पादन ६.१ प्रतिशत र माछाको उत्पादन ८.३ प्रतिशतको हाराहारीमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- जिल्ला वन कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७८/७९ मा काठको उत्पादन २१.७ प्रतिशत, दाउराको उत्पादन २०.२ प्रतिशत बृद्धि हुने प्रक्षेपण गरिएको छ भने जडिबुटीको उत्पादन ७.० प्रतिशतले घट्ने प्रक्षेपण रहेको छ।

## ६.३ उद्योग क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप प्रयोगमा आइसकेको, कतिपय उद्योगहरुमा नयाँ मेसिनको जडान र औद्योगिक गतिविधि विस्तार हुन थालेका कारण उत्पादनशील उद्योगहरुको उत्पादन बढ्ने देखिन्छ। आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका उद्योगहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानी आर्थिक वर्ष २०७८/७९ को लागि औद्योगिक उत्पादनको परिदृश्य देहाय बमोजिम तयार गरिएको छ।

- यस क्षेत्रमा रहेको अन्य खाद्य पदार्थ अन्तर्गत चाउचाउ, विस्कुट र चकलेटको माग बढ्दै गएकाले यी वस्तुहरुको उत्पादन ३.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ।
- दूध, तेल र चुरोटको उत्पादन यथास्थितिमा रहने प्रक्षेपण छ।
- यस क्षेत्रमा रहेका सिमेन्ट उद्योगको उत्पादनको बजार माग विस्तार भएको र ईटा उद्योगले नयाँ प्रविधिबाट गुणस्तरीय ईटा उत्पादन गर्न थालेकाले उक्त उत्पादनहरु ३०.८ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ।
- यस क्षेत्रमा रहेको टाइम फर्मास्युटिकल्स प्राइभेट लिमिटेडले उत्पादन गर्ने औषधिको माग बजारमा बढ्दै गएकोले औषधिको उत्पादन १२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।
- पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको वियरको उत्पादन १२.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ।

## ६.४ सेवा क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरका कारण पर्यटन क्षेत्र चालु आर्थिक वर्षमा पनि प्रभावित रहने देखिन्छ। तर हाल निषेधाज्ञा पूर्ण रुपमा हटाइएको, सरकारी कर्मचारीहरुलाई पनि भत्ता सहितको अनिवार्य भ्रमण विदाको व्यवस्था भएको, लामो समयसम्म मानिसहरु घरबाट बाहिर निस्कन नपाएका एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म नेपालमा लक्षित जनसङ्ख्या मध्ये २९.२ प्रतिशतले कोभिड-१९ विरुद्धको दुवै मात्रा खोप लगाएका र खोप लगाउने कार्य निरन्तर रहेको कारण आन्तरिक पर्यटनमा सुधार हुने अपेक्षा रहेको छ। त्यस्तै, अन्तर्राष्ट्रिय जगतमा पनि खोप लगाउने कार्य निरन्तर भैरहेको, अन्तर्राष्ट्रिय हवाई उडान सुचारु भैरहेको सन्दर्भमा विदेशी पर्यटकको आगमन समेत विस्तारै बढ्ने आकलन गरिएको छ। त्यस्तै, कोरोना भाइरस (कोभिड-१९) को खोप लगाउने कार्य निरन्तर भैरहेका कारण यातायात, शिक्षा, स्वास्थ्य, आदि सेवा क्षेत्रमा आर्थिक वर्ष २०७८/७९ मा देहाय बमोजिम सुधार आउने प्रक्षेपण छ।

- विद्यालयको संख्या वृद्धि भईरहेको हुनाले विद्यार्थी संख्या ३९.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। विद्यार्थी शिक्षक अनुपात १.७ हुने प्रक्षेपण गरिएको छ।
- हस्पिटल/स्वास्थ्य केन्द्रको संख्यामा १३.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ भने नयाँ दरबन्दी सृजना हुनका साथै डाक्टरहरुको आपूर्ती समेत बढेका कारण डाक्टरको संख्यामा करिव ९.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।
- सडक विस्तार कार्यलाई सम्बधित निकायहरुले प्राथमिकता राखेका कारण सडक विस्तारमा करिव ३०.८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।
- पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माणको कार्य अन्तिम चरणमा रहेको, कोभिड-१९ विरुद्ध स्वदेश तथा विदेशमा खोप लगाउने कार्य निरन्तर रहेका कारण आन्तरिक र बाह्य पर्यटक आगमन संख्या बढ्ने अपेक्षा रहेकाले पर्यटक स्तरीय होटल तथा लजको संख्यामा १० प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ।

## ६.५ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्रमा निर्माण सम्बन्धी सामाग्रीको सहज आपूर्ति भएता पनि दक्ष मजदुरहरुको सहज उपस्थिति भैनसकेको हुँदा पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।